आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी कैलाली

# आशयपत्र माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०२/०९)

यस प्रदेशको **प्रदेश प्रोफाइल (Province Profile)** तयार गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० र खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम इच्छुक रजिष्ट्रर्ड परामर्शदाता, कन्सल्टेन्सी, फर्म तथा कम्पनी छनौट गरी कार्य अगाडि बढाउनु पर्ने भएकोले रजिष्ट्रर्ड परामर्शदाता, कन्सल्टेन्सी, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको आशयपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. परामर्शदाताले गर्नुपर्ने कार्यहरु :
   क. ९ वटै जिल्ला तथा ८८ वटै स्थानीयतहमा पुगेर Terms of Reference (TOR) को प्रकरण ४ का विषयवस्तुमा द्वितीय स्रोतबाट पछिल्लो तथ्याङ्क संकलन गर्ने साथै संकलित तथ्याङ्कका आधिकारिक श्रोत उल्लेखित गर्ने ।
   ख. संकलित तथ्याङ्कलाई विश्लेषण गर्ने ।
   ग. अन्त्यमा प्रदेश प्रोफाइल तयार गरी मन्त्रालयमा पेश गर्ने ।

२. आशयपत्रकासाथ नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता सहित स्थायी लेखा नम्बर, दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. इच्छुक परामर्शदाता, कन्सल्टेन्सी, फर्म तथा कम्पनीको समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम उल्लेख गर्नु पर्ने छ ।

४. इच्छुक परामर्शदाता, कन्सल्टेन्सी, फर्म तथा कम्पनीले सबै विवरणहरु प्रष्टसँग भरी प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना प्रष्टसँग लेखी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिनको कार्यालय समयभित्र यस मन्त्रालयमा दर्ता गराई सक्नुपर्ने छ । म्यादभित्र प्राप्त हुन आएका आशयपत्र सोही दिनको भोलिपल्ट दिनको २:०० बजे परामर्शदाता वा निजको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यसै मन्त्रालयमा खोलिनेछ । परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा हुने छैन ।

५. प्रस्तावित कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० को ३ (छ) बमोजिम १ महिनाभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (५) बमोजिम आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी यस मन्त्रालयले आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता मूल्याङ्कन गर्ने आधारसमेत यकीन गरी आशयपत्रदाताहरुको छनौट गरिनेछ। तर स्वीकृत मूल्याङ्कनका आधारहरु आशयपत्र दाखिला भइसकेपछि परिवर्तन गरी मूल्याङ्कन गरिने छैन ।

७. आशयपत्र शर्त रहीत, केरमेट नभएको तथा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको तथा सूचनाको शर्त विपरित भएको दरभाउ पत्र माथि कारवाही हुने छैन ।

८. आशयपत्र दर्ता गर्न परामर्शदाता कन्सल्टेन्सीले कामको सम्बन्धमा राम्ररी बुझी आशयपत्र पेश गरेको मानिनेछ ।

९. आशयपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१०. कुनै कारण जनाई वा नजनाई मन्त्रालयको हितलाई ध्यानमा राखी यो आशयपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस मन्त्रालयलाई रहनेछ । यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

११. आशयपत्र Expression Of Interest (EOI) सम्बन्धी Document यस मन्त्रालयको **website : moeap.p7.gov.np** वा सार्वजनिक खरिद अनुगमन कार्यालयको website : **https://bolpatra.gov.np/egp** बाट download गर्न सकिनेछ । साथै EOI सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

सम्पर्क फोन नं. ०९१-५२०१०७/५२५२४५